जिल्ला विकास समिति

सोलुखुम्बु

# सामाजिक परीक्षण कार्यक्रम अन्तिम प्रतिवेदन, २०७१

प्रस्तुतकर्ता :

एक्ज्युकेटीभ इन्जिनियर्स एण्ड पलानर्स, काठमाडौं

सामाजिक लेखा परीक्षण पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्दै सुशासनलाई सुदृढ गर्ने एक पद्धति हो" - चार्ल्स मेडवेभर

# परिच्छेद १

## १.१ परिचय

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्न आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ । उपरोक्त व्यवस्था बमोजिम स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरूलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले **"सामाजिक परीक्षण"** भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले जिल्लाबासीहरूमा आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी परिभाषित गरेको छ । गत आर्थिक वर्षको सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएपछि चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना विशेषको छुट्टै सामाजिक परीक्षण गर्न समेत सक्ने समेत व्यवस्था यसले गरेको छ । यस कार्यलाई व्यवस्थित गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले **"सामाजिक परीक्षण कार्यविधि २०६७"** तर्जुमा गरी जारी गरेको छ । नियमावली तथा जिल्ला विकास समितिहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन समेतको सूचकलाई आधार मानी स्थानीय निकायहरूको सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम नियुक्त परामर्शदाता निरा कन्सल्टेन्सीबाट सोलुखुम्बु जिल्लामा सञ्चालन भएका विकासका गतिविधिहरूको समग्र सामाजिक परिक्षण गरी यो प्रतिवेदन तयार कार्यक्रम सरोकारवाला विषयविज्ञहरु परिचालन गरी जिल्ला विकास समिति सोलुखुम्बुले गत आर्थिक वर्षमा संचालित कार्यक्रमबाट समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा अध्ययन गरी सोही अनुरुप यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य

जिल्ला विकास समिति सोलुखुम्बुले गत आर्थिक वर्षमा पुरा गरेको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम अध्ययन तथा अनुसन्धान गर्नु, सार्वजनिक बहस र सहजिकरण गर्नु तथा प्रतिवेदन तयार गर्नु यसको उद्देश्य रहेको थियो । यसबाट जिल्ला विकास समितिको सामाजिक परीक्षण गर्ने व्यवस्थाका लागि परीक्षण विधिलाई सरलीकृत गर्ने, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न समेत सहयोग पुगेको महसुस गरिएको छ ।

## १.३ सामाजिक परीक्षण विधि तथा प्रक्रिया

सामाजिक परिक्षणमा सहजीकरण गर्ने निकायबाट स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिम सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी सहभागितामूलक प्रक्रियाबाट कार्यक्रम सामाजिक परिक्षण कार्यक्रम संचालन गरी सो अनुसार यो प्रतिवेदन तयार गरिएको छ ।

Executive Consulting & Planning Pvt. Ltd.

### १.३.१ सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा

सामाजिक परिक्षण कार्यक्रम सचालन गर्न विभिन्न सन्दर्भ सामाग्रीहरु जस्तै जिविसको वार्षिक र आवधिक योजनाका पुस्तिकाहरु, मंत्रालय तथा राष्ट्रिय योजना आयोग तथा केन्द्रिय स्तरका अन्य निकायका नीति निर्देशन, कार्यविधि, परिपत्र तथा प्रतिवेदनहरुको संग्रह गरी उक्त सामाग्रीहरुमा उल्लेखीत विषय वस्तु तथा सुभाव र निर्देशनलाई समेत यस सामाजिक परिक्षण प्रतिवेदन तयारीमा सन्दर्भ सामाग्रीको रुपमा लिइएको छ ।

### १.३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

सामाजिक परिक्षण कार्यक्रम संचालन पूर्व जिल्लाका सम्पूर्ण सरोकार निकाय तथा प्रतिनिधिहरलाइ सामाजिक परिक्षणको अवधारणा तथा यसको संचालन र प्रयोगको बारेमा एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा सामाजिक परिक्षणको सैद्धान्तीक अवधारणा र सामाजिक परिक्षण गर्ने तरिका तथा प्रक्रियाको बारेमा विस्तृत रुपमा छलफल तथ अन्तंक्रिया गरीएको थियो । सामाजिक परिक्षण गर्ने कार्य जिल्लाको लागि नयाँ विषय वस्तु भएकोले सहभागिहरुलाइ यसको सैद्धान्तीक, व्यवहारिक तथा नीतिगत जानकारी गराइ सामाजिक परिक्षण गर्ने कार्यलाइ अगाडि बढाइएको थियो ।

### १.३.३ जिल्लास्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन

सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिम सोलुखुम्बु जिल्ला विकास समितिमा पनि सामाजिक परिक्षण समन्वय समिति गठन गरिएको छ । उक्त समिति विगत वर्षहरुमा सक्रिय नभएतापनि यस आर्थिक वर्ष देखि जिल्लामा संचालित विकासका कार्यक्रमहरुको सामाजिक परिक्षण गर्न सक्रिय रुपमा लागि परेको छ जसको नमुना यो सामाजिक परिक्षण कार्यक्रम संचालनबाट पनि स्पष्ट हुन सकिन्छ । सामाजिक परिक्षण समन्वय समितिको गठन यस प्रकार भएको छ ।

क. जिल्ला विकास समितिको सभापति वा सभापतिको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक
ख. स्थानीय विकास अधिकारी : सदस्य
ग. महिला विकास अधिकृत : सदस्य
घ. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधि : सदस्य
ङ. स्थानीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिधि : सदस्य
च. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुख : सदस्य
छ. सामाजिक विकास अधिकृत : सदस्य-सचिव

### १.३.४ सरोकार निकायका पदाधिकारी तथा प्रतिनिधि सँग अन्तंक्रिया

सामाजिक परिक्षण कार्यक्रम संचालन गर्ने क्रममा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरु सँग विकास निर्माणका कार्यक्रमहरुको सामाजिक प्रभावको बारेमा छलफल तथा अन्तंक्रिया गरिएको थियो । उक्त अन्तंक्रिया तथा छलफल कार्यक्रममा जिल्ला स्थीत राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधिहरु, कार्यालयका प्रतिनिधिहरु र जिल्ला विकास समितिका कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो ।

### १.३.५ समूह छलफल

सामाजिक परिक्षण कार्यक्रम संचालनको क्रममा सामाजिक परिक्षणलाई अफ प्रभावकारी र सूचनामूलक बनाउन सहभागिहरुको बिचमा समूह छलफल गरी उपलब्धीहरुको विश्लेषण गरीएको थियो । जिल्ला विकास समिति सोलुखुम्बुले सर्वपक्षिय सहभागितामा प्रथम पटक सञ्चालन गरेको यो सामाजिक परिक्षणमा क्षेत्रगत रुपमा सहभागिहरुको समूह बनाई विगत आ.व.हरुमा भएका उपलब्धी र भए गरेका प्रयासहरुको बुंदागत रुपमा टिपोट गरी सहभागिहरुबाट नै सूचकहरुको निर्धारण गर्ने कार्य भएको थियो ।



Executive Consulting & Planners Pvt. Ltd.

## १.३.६ बहस, प्रस्तुति तथा छलफल

यस चरण तथा प्रक्रियामा जिल्ला विकास समितिले सामाजिक जिम्मेवारी वहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सामाजिक परीक्षण कार्यविधि २०६७ को अनुसूची २ र ३ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गरेको छ। यसरी तयार गरिएको प्रतिवेदन देहाय अनुसारको ढाँचामा प्रस्तुत गरिएको छ।

- कार्यक्षेत्रको परिचय
- स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरूको आधारमा प्रस्तुती)
- सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधिको अनुसूची २ र ३ अनुसारको प्रतिवेदन जिल्ला विकास समितिद्वारा आयोजित सामाजिक परीक्षणमा प्रस्तुत गरिएको थियो। सोही अनुरुप सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति तथा छलफल कार्यक्रममा उपस्थित हुन जिल्ला विकास समितिले जिल्लाका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरूलाई अन्तरक्रियाका लागि पत्राचार गरेको थियो। सो भेला जिविस सोलुखुम्बुका प्रमुखको अध्यक्षतामा बसेको थियो।



### १.३.७ सामाजिक परीक्षण प्रस्तुति कार्यक्रम संचालन विधि

सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल, स्थलगत अवलोकन समेतबाट प्राप्त सूचना तथा नतिजाको आधारमा विषयविज्ञ सामाजिक परीक्षकद्वारा तयार गरिएको सामाजिक परीक्षण कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो। उक्त प्रस्तुति कार्यक्रम संचालन विधि तपसिल अनुसार भएको थियो।

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिताबारे जानकारी गराइएको थियो।
- सामाजिक परीक्षकले अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको।
- सामाजिक परिक्षण कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव ग्रहण गरिएको थियो।
  - स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा)
  - स्थानीय निकायले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति
  - स्थानीय निकायले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
  - स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता

- बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिताको अध्ययन गर्ने
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू



समूह कार्य प्रस्तुत गर्दै कार्यक्रमक सहभागि

- सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी प्रतिवेदनमा समावेस गरिएको थियो । सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय निकाय तथा सामाजिक परीक्षकले स्पष्ट पारेका थिए ।
- सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो ।

### १.३.८ प्रतिवेदन पेश

सामाजिक परीक्षकबाट सामाजिक प्रतिवेदन अनुसूची-४ बमोजिम जिविस सोलुखुम्बुका प्रमुख समक्ष पेश गरिएको छ । जिल्ला विकास समितिले सामाजिक परीक्षण प्रतिवेदन जिल्ला विकास समितिको बैठकमा पेश गरी मुख्य मुख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नेछन । सामाजिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न जिविसले नीतिगत निर्णय गर्ने अपेक्षा राखीएको छ ।

### १.४ सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा

प्रस्तुत सामाजिक परीक्षण कार्यका क्षेत्र र सिमा निम्नानुसार रहेका थिए ।

१. जिल्ला विकास समितिले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारबाट भएका प्रभावका बारेमा अध्ययन गर्ने । यसमा स्थानीय विकास मन्त्रालय, गाविस र नगरपालिकाको नीतिगत निर्णय तथा त्यसले पारेको प्रभावको बारेमा सहभागि सँग छलफल गरी राय संकलन गर्ने ।

२. जिविसले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गर्ने । तर यसमा अन्य प्रकारका योजनामा जनसहभागिताको स्थितिलाई समावेस गरिने छैन ।

३. जिविसबाट उपलब्ध गराइने सेवा सुविधामा देखीएका समस्यालाई अध्ययनमा समावेस गर्ने । तर यसमा नेपाल सरकार स्थानीय विकास मन्त्रालय र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा तथा गाविस र नगरपालिकाबाट दिइने सेवालाई समावेस गराइएको छैन ।

Executive Consulting & Planners

परिच्छेद २

# सामाजिक परिक्षण छलफल कार्यक्रम

## २.१ सामाजिक परिक्षण कार्यक्रमको उदघाटन तथा शुरुवात

जिल्ला विकास समिति सोलुखुम्बुले मिति २०७१ वैसाख ४ देखि ६ गते सम्म आयोजना गरेको सामाजिक परिक्षण कार्यक्रमको उदघाटन प्रमुख जिल्ला अधिकारी श्री सिताराम कार्कीबाट मैनवत्ति बाली उदघाटन गर्नुभएको थियो । उक्त कार्यक्रमको उदघाटन मन्तव्य दिनुहुदै प्रमुख जिल्ला अधिकारी श्री कार्कीले विकासका गतिविधिहरुको सामाजिक परिक्षण गरिदा वास्तविक रुपमा जनताले पाएको प्रतिफल र योजना तथा कार्यक्रमले लिएको उद्देश्य पुरा भए नभएको बारे स्पष्ट हुने हुंदा सामाजिक परिक्षण गर्नु अपरिहार्यता रहेको छ । सामाजिक परिक्षणबाट जुन लक्ष्य र उद्देश्यका साथ कार्यक्रम संचालन गरिएको हो सो पुरा भए नभएको थाहा हुनेहुंदा यसको आधारमा भविश्यमा थप कार्यक्रम कहां र कसरी गर्ने भन्ने विषयमा समेत थप जानकारी हुने हुंदा विकासका साझेदार तथा सरकारी र गैससबाट समेत सामाजिक परिक्षणकोबारेमा राम्रो सँग बुझी भावी दिनमा यसको नियमिततालाई ध्यान दिनुपर्ने विचार राख्नु भएको थियो ।



कार्यक्रमको उदघाटन गर्दै प्र.जि.अ श्री सिताराम कार्की

त्यस्तै उदघाटन मन्तव्य व्यक्त गर्दै नि. स्थानीय विकास अधिकारी श्री रोशन घिमिरेबाट जिल्लामा विभिन्न निकायबाट संचालन गरिएका विकास निर्माणका कार्यक्रमबाट सामाजिक तथा आर्थिक क्षेत्रमा केकस्तो उपलब्धी हासील गरिएको छ र केकस्ता प्रयासहरु भए भन्ने विषय सामाजिक परिक्षणले औल्याउने हुंदा यसमा विकासका विभिन्न सूचकहरुको तथ्याङ्कलाई विश्लेषण गरी भावी रणनीतिहरु पनि निर्धारण हुने हुंदा यसको अपरिहार्यतालाई मध्यनजर राखी यो सामाजिक परिक्षण कार्यक्रम पहिलो पटक सोलुखुम्बु जिल्ला विकास समितिले आयोजना गरेको हो भन्नु हुँदै सहभागीबाट सक्रिय रुपमा भाग लिई यो कार्यक्रमलाई सफल बनाउन आग्रह गर्नु भएको थियो ।

## २.२ सामाजिक परिक्षणको सैद्धान्तीक ज्ञानको जानकारी

सामाजिक परिक्षणको समग्र पक्षहरुको बारेमा सहभागिहरुलाई जानकारी दिनुहुदै स्रोत व्यक्ति डा.प्रताप क्षतकुलीले सामाजिक परिक्षणको समग्र पक्षहरुको बारेमा विस्तृत रुपमा सहभागितात्मक तरिकाबाट कार्यक्रममा उपस्थीत सहभागिहरुलाई जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा प्रस्तुत गरीएका विवरणहरु यस प्रकार छन् । जसमा उत्तरदायीत्वको अवधारणालाई तलको चित्रमा यस प्रकार प्रस्तुत गरिएको छ ।

चित्र नं १



चित्र नं. १ मा नागरिक समाजका संस्थाहरु स्थानीय निकाय तथा विषयगत निकाय र नागरिक तथा समुदायको बिचमा भए गरेका कार्यहरुको उत्तरदायीत्वको पक्षलाई प्रस्तुत गर्ने कोशिस गरिएको छ । यसबाट यी तिनपक्षको बिचमा कसरी उत्तरदायीत्वको भावना विकास हुन्छ भन्ने कुरालाई प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

चित्र नं. २ नागरिक प्रतिको उत्तरदायीत्व




चित्र नं. २ मा राज्यका विभिन्न संयन्त्र नागरिक प्रति कसरी उत्तरदायी हुन्छन भन्ने कुरालाई प्रष्ट्याउने कोशिस गरिएको छ । यस अनुसार राज्यका नीति निर्माताहरुले सेवाग्राही सम्म कसरी सेवालाई वितरण गर्छन र कसरी उत्तरदायीत्व वहन गर्नुपर्ने हुन्छ भन्ने विषलाई यहाँ प्रष्ट्याउने कोशिस गरिएको छ र यीनै कुरालाई सामाजिक परिक्षणको कार्यक्रममा व्यापक रुपमा प्रस्तुत गरी पृष्ठपोषण लिने कोशिस भएको थियो ।

**२.२ सामाजिक उत्तरदायीत्वका संयन्त्रहरु**

सामाजिक उत्तरदायीत्वका संयन्त्रहरुलाई निम्नानुसार लिन सकिन्छ, जसमा,

सामाजिक परिक्षण कार्यक्रमको बारेमा मन्तव्य राख्दै नि. स्था. वि. अ. श्री रोशन सकर घिमिरे ।



**क) नागरिक वडापत्र (Citizen Charter):** जस अनुसार सेवाप्रदायक सार्वजनिक निकायहरुले आफुले उपलब्ध गराउने सेवाहरुको सुनिश्चितता, लाग्ने समय, दस्तुर तथा पुर्याउनुपर्ने प्रक्रियाको विस्तृत रुपमा विवरणहरु तयार गरी सार्वजनिक स्थानमा सबै पहुंच हुने स्थानमा राख्नु पर्ने हुन्छ, जुन हालका दिनहरुमा सरकारी तथा सार्वजनिक निकायहरुले गर्ने गरेको पाइन्छ । नागरिक वडापत्रका पक्षहरु:

Consulting & Plann

- सेवा प्रदानगर्ने स्तरमा सरोकारपक्षहरुको सहमति तथा सार्वजनिक
- सेवा प्रदानमा खुल्लापन तथा बृहत स्तरमा सूचना प्रवाह
- सेवाग्राहीहरुसंग सेवा प्रदान गर्ने स्तर तथा गुणस्तरमा छलफल
- सेवाग्राहीहरुलाई सहयोग तथा सत्कार
- प्रकाशित सेवाहरु स्तर अनुसार वास्तविक सेवा प्रदान नभएमा दावी गर्नसक्ने व्यवस्था

**ख) लेखा परिक्षण (Financial Audit):** हरेक आर्थिक वर्ष सम्पन्न भए पश्चात महालेखा परिक्षकबाट वा नेपाल सरकारबाट खटाइएका लेखा परिक्षकबाट नियमितता, पारदर्शिता तथा प्रक्रियागत ढंगबाट खर्चका हिसाबहरु दुरुस्त राखीएको छ की छैन भनेर हेर्ने कार्यलाई लेखा परिक्षण भन्ने गरिन्छ जुन उत्तरदायीत्व मापन गर्ने संयन्त्रको अभिन्न अंगको रुपमा रहिआएको छ ।

**ग) सामाजिक परीक्षण (Social Audit):** यसमा सार्वजनिक निकायहरुले विकास कार्यमा लगानी गरेका वित्तीय तथा गैर वित्तीय श्रोतहरुको सार्वजनिक समारोहबीच लेखाजोखा गरिन्छ । सार्वजनिक समारोहमा उपस्थित जनताहरुलाई सार्वजनिक निकायले गरेको लगानीले सामाजिक उद्देश्य हासिल गर्नेतर्फ कत्तिको प्रभाव पारेको छ ? भन्ने विषयमा लेखाजोखा गर्न प्रोत्साहन गरिन्छ ।

**घ) सार्वजनिक परीक्षण (Public Audit):** यसमा सार्वजनिक निकायले संचालन गरेको कुनै एक कृयाकलाप वा योजना कसरी कार्यान्वयन भयो र यो कत्तिको प्रभावकारी भयो भन्ने विषयमा जनताबाट लेखाजोखा गरीन्छ ।

**ङ) सार्वजनिक सुनवाई (Public Hearing):** यसमा सार्वजनिक निकायले संचालन गरेको कुनै एक कृयाकलाप वा योजना कसरी कार्यान्वयन भयो र यो कत्तिको प्रभावकारी भयो भन्ने विषयमा जनताबाट लेखाजोखा गरीन्छ ।

**(च) नागरिक प्रतिवेदन कार्ड (Citizen's Report Card):** उपभोक्ताहरुलाई प्रश्नपत्र पठाई सार्वजनिक सेवा उपलब्ध गराउने निकायबाट उपलब्ध गराईएका सेवाहरुको स्तरकोबारे भनाई संकलन गरिन्छ र सेवा उपलब्ध गराउने निकायहरुले उपलब्ध गराएको स्तरको मापन गरिन्छ ।

**२.३ जनउत्तरदायित्व कायम गर्न काम गरिने क्षेत्रहरु (Intervention Areas for Downward Accountability):**

- स्थानीय निकायको खर्चको पुनरावलोकन तथा समुदायको संलग्नता सर्वेक्षण
- स्थानीय निकायद्वारा प्रवाहित सेवा सुविधा प्रति नागरिकको सन्तुष्टी सर्वेक्षण
- स्थानीय विकास निर्माण तथा सेवाको समुदायमा आधारित अनुगमन
- सामाजिक परीक्षण
- सार्वजनिक परीक्षण तथा समुदाय परीक्षण
- समुदाय अंककार्डहरु (Community Score Card)
- सार्वजनिक सुनुवाई तथा पालना अनुगमन
- नागरिक शिक्षा (Civic Education) आदी

Executive Consulting & Planners Pvt. Ltd.

२.४ जवाफदेहीता कायम कसरी गर्ने :




२.५ सामाजिक उत्तरदायीत्वको आवश्यकता

- सार्वजनिक निकायले संचालन गरेका गतिविधिबारे सरोकारवालाहरुलाई प्रत्यक्ष रुपले सूसुचित गराउन
- आफ्नो जिम्मेवारी सही रुपले परिपालना गरी परिणाम हासिल गर्न
- विकास प्रक्रियामा नागरिकको सक्रिय सहभागिताको लागि
- राज्य र नागरिक/जनता बीच नजिकको संबन्ध बनाउन
- जनताको प्रभाव शासन प्रक्रियामा स्थापित गर्न
- नागरिक र समुदायको क्षमता अभिबृद्धि गर्न
- सामाजिक रुपान्तरणमा सहयोग पुर्‍याउन
- नागरिकको सेवा गुणस्तर कायम गर्न र
- सार्वजनिक श्रोत र साधनको गुणस्तर र दक्षताको विश्लेषण गरी भावी कार्यक्रम तयार गर्न

२.६ सामाजिक उत्तरदायित्व सम्बन्धी विद्यमान कानूनी व्यवस्था :

- नेपालको अन्तरिम संविधान, २०६३ मा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र स्वच्छ प्रशासनका अवधारणाहरुको पूर्ण परिपालनाबाट सुशासन कायम गर्ने दायित्व राज्यको हुने
- स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय स्वायत्त शासनका सिद्धान्त र नीतिहरुमा स्थानीय निकायहरुलाई जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्र बनाउने
- स्थानीय निकायहरुलाई बढी जनमुखी, पारदर्शी र मागमा आधारित तथा उत्तरदायी उन्मुख बनाउन स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायहरुले सामाजिक परीक्षण र सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्थालाई स्पष्ट रुपमा गरेको
- सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली २०६५,
- जनगुनासो व्यवस्थापन निर्देशिका २०६६
- स्थानीय शासन उत्तरदायित्व सम्बन्धी रणनीति र स्थानीय निकाय सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षण कार्यविधि २०६७
- भ्रष्टचार निवारण ऐन २०५९ तथा सूचनाको हक सम्बन्धी ऐन २०६३

## २.७ नेपाल सरकारको नीति तथा कानूनी व्यवस्था

- समुदायद्धारा गरिने निर्माण काममा अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ । यसैगरी सार्वजनिक सुनवाई र नागरिक बडापत्रलाई अझै व्यवस्थित तथा प्रभावकारी बनाईनेछ । (नेपाल सरकारको आ.व. २०६३-६४ को बजेट वक्तव्य।
- स्थानीय निकायले १ आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र सामाजिक परीक्षण गराउनु पर्नेछ ।
- स्थानीय निकाय मार्फत संचालन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फरफारक गर्नुपूर्व सार्वजनिक परीक्षण गराउनु पर्नेछ । (स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४)
- जिविसले सामाजिक, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था र सार्वजनिक परीक्षणको प्रतिवेदनका आधारमा समेत गाउँ विकास समितिले योजनाको जाँचपास गर्नुपर्नेछ । (स्थानीय निकाय अनुदान संचालन कार्यविधि २०६७।
- एक आर्थिक वर्षमा स्थानीय निकायहरुले वहन गरेको सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखाजोखा आ.व. समाप्त भएको ४ महिना भित्र पुरा गर्नु पर्नेछ । (स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७।

परिच्छेद ३

# जिल्ला विकासको अवधारणा विश्लेषण

## ३.१ जिल्ला विकासको समष्टिगत उदेश्य

**चालू त्रिवर्षिय राष्ट्रिय योजनाको सोच :** समृद्ध, शान्त र न्यायपूर्ण नेपाल

**समष्टिगत लक्ष :**

- आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दीगो आर्थिक वृद्धि मार्फत योजनाको अन्त्यमा गरिबीलाई २१ प्रतिशतमा पुन्याउने ।
- रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरिबी निवारण र दीगो शान्ति स्थापनामा सघाउ पुन्याउँदै आम नेपालीको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभुति दिलाउने ।
- रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरिबी निवारण र दीगो शान्ति स्थापनामा सघाउ पुन्याउँदै आम नेपालीको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभुति दिलाउने ।



**आवधिक जिल्ला विकास योजनाको दिर्घकालिन सोच:** 'पर्यटन, कृषि र पूर्वाधार, समृद्ध सोलुखुम्बुको आधार "

समष्टिगत लक्ष :

- जिल्लाको सामाजिक, आर्थिक तथा मानवीय विकास भई जिल्लावासीको जीवनस्तरमा गुणात्मक वृद्धि भएको हुनेछ'
- "जिल्लाको आर्थिक, सामाजिक र मानवीय विकास, समावेशी, समन्यायिक र वातावरणीय रुपमा सन्तुलित भई जिल्लावासीको जीवनयापन सहज तथा सुरक्षित भएको हुनेछ"
- जिल्लाको आर्थिक, सामाजिक र मानवीय विकास समावेशी, समन्यायिक र वातावरणीय रुपमा सन्तुलित भई जिल्लावासीको जीवनयापन सहज तथा सुरक्षित भएको हुने रहेकोछ"

## ३.२ जिल्ला विकासका निदिष्ट उदेश्यहरु

- जिल्लावासीको आर्थिक अवसरमा अभिवृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याउने
- जिल्लावासीको स्वास्थ्य सेवा, शिक्षा, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाईमा आमनागरिक तथा विशेष गरी महिला, बालबालिका, दलित तथा अन्य लक्षित वर्ग तथा क्षेत्रको पहुँच र उपभोगमा वृद्धि भई न्यायपूर्ण समाजको निर्माण गर्ने
- पूर्वाधार क्षेत्रको विकास तथा विस्तारमा गुणात्मक सुधार गरी सेवा, वस्तु, सुविधा तथा बजारमा आमनागरिकको पहुँच तथा उपयोग वृद्धि गर्ने
- वन, जलाधार र संरक्षण क्षेत्रको दीगो व्यवस्थापनबाट वातावरण सन्तुलन तथा जोखिम न्यूनीकरण गर्ने
- सार्वजनिक सेवा तथा वस्तुमा आमनागरिक तथा सेवाग्राहीहरुको पहुँच वृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, सहज, सर्वसुलभ, गुणस्तरीय बनाउने

## ३.३ जिल्ला विकास समितिको सामाजिक क्षेत्रको निर्दिष्ट उद्देश्यहरु

- जिल्लावासीको स्वास्थ्य सेवामा पहुँच र उपभोगमा वृद्धि गरी स्वास्थ्य स्थितिमा सुधार गर्ने ।
- जिल्लावासीमा शिक्षाको अवसर र पहुँच वृद्धि गरी शिक्षा सर्वसुलभ, गुणस्तरीय, समतामूलक तथा समयानुकुल बनाउने ।
- खेलकुद तथा युवा परिचालन मार्फत युवाहरुको सृजनशिलता तथा रोजगारीमा वृद्धि गर्ने

* स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच तथा उपभोगमा वृद्धि गर्ने ।
* महिला, बालबालिका, दलित, आदिवासी र जनजाती फरक क्षमता भएका तथा सिमान्तकृत वर्ग र समुदायको राजनीतिक, सामाजिक तथा आर्थिक स्थितिमा सुधार गर्ने
* स्थानीय तहमा प्रवाहित सार्वजनिक सेवा र सुविधा गुणस्तरीय र प्रभावकारी बनाउने

**३.४ जिविसका सामाजिक विकास/जिम्मेवारीका प्राथमिकताका क्षेत्रहरु**

* स्वास्थ्य तथा जनसंख्या
* शिक्षा, खेलकुद तथा युवा
* खानेपानी तथा सरसफाई
* महिला, बालबालिका तथा समावेशीकरण
* सचेतना तथा गरिबी निवारण
* सेवा तथा सुविधामा पहुँच
* संस्थागत विकास र सुशासन

**३.५ जिविसको सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखाजोखा**

* जिविसबाट सामाजिक क्षेत्रमा झण्डै २५% भन्दा बढी लगानी विनियोजन र खर्च गरिएको तर उपलब्धी मापन गर्न नसकिएको र नागरिक तथा समुदायले सामाजिक क्षेत्र परिवर्तनको महशुस गर्न नसकेको
* जिविसका अधिकांश योजना तर्जुमा गर्दा विनियोजन गर्ने, वार्षिक तथा चौमासिक लक्ष्य निर्धारण सहित कार्यान्वयन योजना तर्जुमा गरी स्विकृत गर्ने गरेको
* पटके निर्णय गरी आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने बाध्यता रहेको फलस्वरुप लक्ष्य भन्दा बढी वा १००% उपलब्धी देखिएको
* संस्थागत तथा क्षमता विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा कार्यक्रम तर्जुमा भएता पनि कार्यक्रम कार्यान्वयनमा कम भई उपलब्धी ज्यादै कम देखिएको

**सामाजिक जिम्मेवारी वहन गर्ने क्रममा भोगीने र भोगीएका समस्याहरु:**

* जिल्लामा उपलब्ध स्रोतलाई प्राथमिकताको क्षेत्रमा केन्द्रित गरी लगानी गर्न नसकिएको
* आयोजना संख्या अत्यधिक रहने र ससाना आयोजना पनि जिविस आफैले कार्यान्वयन गर्दा आयोजनाको गुणस्तर सुनिश्चित गर्न नसकिएको,
* जिविसको आन्तरिक स्रोतको न्यूनताले प्रशासनिक खर्च धान्न नसकिने अवस्था रहेको
* गाविस सचिवहरुको समयमै पदपूर्ति हुन नसक्दा र अतिरिक्त गाविस भवनहरुको पुनर्निर्माण हुन नसक्दा गाविसको सेवा प्रवाहमा बाधा उत्पन्न हुने गरेको
* जिविसमा दक्ष प्राविधिक जनशक्ति, परिक्षण प्रयोगशाला एवं उपकरणको पर्याप्त व्यवस्था नहुँदा आयोजनामा गुणस्तर सुनिश्चित गर्न कठिनाई भैरहेको,
* सर्वदलिय संयन्त्र खारेजी पछि राजनैतिक दलहरुको सहयोग सम्बन्धी स्पष्ट कार्यविधी निर्धारण नहुँदा समन्वयमा समस्या उत्पन्न भएको आदि
* जिल्लाको लैंगिक तथा सामाजिक रुपमा खण्डीकृत तथ्याङ्क सहितको जिल्ला वस्तुगत विवरण तथा स्रोत नक्शा अद्यावधिक नभएको हुँदा योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन (सामाजिक परीक्षण) गर्न कठिनाई देखिएको
* जिल्लाको योजनाबद्ध विकास गर्न समष्टीगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य, उद्देश्य, उपलब्धी र नतिजा निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु पहिचान एवं परिभाषित गरी जिल्ला विकासको गतिलाई मार्गदर्शन गर्ने आवधिक योजना नभएको कारण जिल्ला विकासका प्राथमिकताका क्षेत्रहरु, सामाजिक तथा अन्य क्षेत्रमा हासिल गर्नु पर्ने सूचक तथा लक्ष्य निर्धारण नहुँदा

वार्षिक योजना तथा बजेट तर्जुमा, आयोजना तथा कार्यक्रम तर्जुमा, नतिजा अनुगमन तथा उपलब्धी निर्धारण तथा मापन गर्न कठिनाई भएको

- लक्षित वर्ग (विपन्न परिवार) पहिचान गरी सामाजिक क्षेत्रका कार्यक्रमहरु लक्षित वर्ग खास गरी विपन्न परिवारमा पुर्याउन नकिएको
- लक्षित कार्यक्रम तथा अन्य कार्यक्रमहरु लक्षित समुदायका टाठाबाँठामा सिमित रहेको ।
- ऐन, नियम, निर्देशिका तथा कार्यविधिको पूर्ण पालना हुन नसकेको तथा कतीपय निर्देशिका र कार्यविधिका व्यवस्थाहरु व्यवहारिक नभएको
- जिविसबाट सामाजिक क्षेत्र लगायत अन्य क्षेत्रमा अनुपादक क्षेत्रमा लगानी भएको र सोबाट ठोस उपलब्धी हासिल नभएको
- तथ्याङ्कको कमी तथा लक्षित वर्ग (विपन्न परिवार) पहिचान हुन गरी सामाजिक क्षेत्रका कार्यक्रमहरु लक्षित वर्ग खास गरी विपन्न परिवारमा पुर्याउन नसकिएको
- स्वास्थ्य चौकी तथा उपचौकीहरु गाविसको केन्द्र तथा पायक पर्नेस्थानमा नभएको र कतिपय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरु नियमित रुपमा संस्थामा उपस्थित हुन नगरेको
- जिविसले गैसस तथा विषयगत कार्यालयलाई दुर्गम र पिछडिएको क्षेत्रमा परिचालन गर्न मार्गदर्शन गर्न नसकेको

## ३.६ सुधारका लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- विगतका योजनाको समीक्षा गरी जिल्लाको वस्तुगत विवरण अद्यावधिक सहित तत्काल जिल्ला विकास योजना तर्जुमा गर्नु पर्ने
- जिल्ला विकासका प्रयास र उपलब्धीहरुको मापन गर्न लैससाको अवधारणा बमोजिक लैंगिक र सामाजिक रुपमा खण्डिकृत तथ्याङ्कको आधार तयारी, अद्यावधिक गरी सो अनुसार योजना तर्जुमा, नतिजा अनुगमन तथा आयोजना र कार्यक्रमको मूल्याङ्कन गर्ने कार्य तत्काल गर्नु पर्ने
- सामाजिक विकास क्षेत्र अन्तर्गत प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी सो अनुसार आयोजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी जिल्ला विकासका प्रयासलाई सामाजिक रुपमा उपलब्धीमूलक बनाउन आवश्यक रहेको
- सामाजिक विकास कार्यमा सरकारी, सामुदायिक, गैरसरकारी र नीजि क्षेत्रको योगदान वृद्धि गर्न जिविसले सम्बन्धित पक्षसँग समन्वय, सहकार्य र साझेदारीमा जोड दिइरहेको र थप आवश्यक रहेको
- वार्षिक जिविसो तथा बजेट तर्जुमा गर्दा आयोजना तथा कार्यक्रमको लक्ष्य निर्धारण गर्ने सो कार्यक्रम तथा आयोजनाबाट अपेक्षित उपलब्धी समेत समावेश गर्नुपर्ने
- सामाजिक क्षेत्रमा ठोस उपलब्धी हासिल गर्न जिल्लाका केही गाविसहरुको विपन्नताको मापन गरी अति गरीब तथा पिछडा घरधुरी पहिचान गरी उक्त घरधुरीलाई लक्षित गरी लक्षित कार्यक्रम लगायत अन्य सामाजिक, आर्थिक, भौतिक तथा संस्थागत विकासका कार्यक्रम र सेवा प्रवाहलाई केन्द्रित गरी कार्यक्रम सचालन गर्ने र सो अनुभव र सिकाईको आधारमा गाविसहरुको विस्तार गर्दै लग्नु उपयुक्त हुने
- सामाजिक विकासका कार्यक्रम तथा आयोजनामा विषयगत कार्यालय, गैसस, समुदाय तथा नीजि क्षेत्रलाई परिचालन गर्न जिविसले विशेष पहल गर्नु पर्ने
- सामाजिक विकास क्षेत्रको गुरुयोजना तर्जुमा गरी सो अनुसार वार्षिक योजना तर्जुना, नतिजामूलक अनुगमन ढाँचा तथा योजना तर्जुमा गरी लागू गर्नुपर्ने
- जिल्ला विकासको प्राथमिकतामा पूर्वाधार विकास नै रहेको हुँदा सडक निर्माणसँगै सो क्षेत्रमा सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु केन्द्रित गरी संचालन गरेमा त्यसबाट उक्त क्षेत्रका नागरिक तथा लक्षित समुदायको उत्थानमा ठोस उपलब्धी हासिल गर्न सकिने
- स्थानीय तहमा राजनैतिक सहमती कायम गराइ जिविसले दलहरुबाट प्राप्त गर्नु पर्ने सहयोगका लागि निरन्तर रुपमा समन्वय र बहस गर्नु पर्ने
- उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा केन्द्रित गरी उपलब्धीमूलक लगानीमा जोड दिन राजनीतिक तहमा सहमति र प्रतिबद्धतासहित अगाडि बढ्नु पर्ने

- आयोजना तथा कार्यक्रमलाई नतिजामूलक र प्रभावकारी बनाउन समुदाय, उपभोक्ताको निगरानी, अनुगमन संयन्त्रलाई बलियो र प्रभावकारी बनाउनु पर्ने
- राजनीतिक सचेतनासँगै नीतिगत व्यवस्था, कार्यक्रम र सेवा सुविधाबारे नागरिक शिक्षामा जोड तथा वृद्धि गर्नु पर्ने
- जिविसले गैसस तथा विषयगत कार्यालयहरुलाई दुर्गम, पिछडिएको तथा अति विपन्न समुदायमा कार्यक्रम संचालनका लागि मार्गदर्शन गर्नु पर्ने
- वैदेशिक रोजगारीमा जानेहरुका लागि सीप र सचेतनामूलक कार्यक्रम संचालन र विदेशबाट फर्किएकाहरुलाई उद्योग व्यवसायमा लगाउन जिविसले नीति तथा कार्यक्रम बनाई संचालन गर्नु पर्ने
- सबै विषयगत सवालहरुमा सार्वजनिक सुनुवाई र सबै निकायहरुले (गैसस) समेतले वार्षिक रुपमा सामाजिक परीक्षण गर्नु पर्ने
- नागरिक समाज तथा संचार क्षेत्रले कार्यक्रमको नतिजा र प्रभावकारिताको अध्ययन गरी तथ्य सार्वजनिक गर्नु पर्ने

Executive Consulting & Planners Pvt. Ltd.